सरावल गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०७७/०७
च.नं.:

प्रथम पटक प्रकाशित मिति : २०७७/०९/१६

**गाई/भैसी,बाखाको भकारो तथा खोर सुधार (५० प्रतिशत अनुदान) तथा कृषकहरुका लागि दुध बोक्ने क्यान (७५ प्रतिशत अनुदान) कार्यक्रम संचालन सम्वन्धि सुचना**

यस सरावल गाउँपालिककाको आ.ब.२०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम **"मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम"** अन्र्तगत तपसीलको कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकाले इच्छुक सरावल गाउँपालिकामा दर्ता भई संचालनमा रहेका कृषक,कृषक समुह र व्यवसायिक फार्महरुले सुचना प्रकाशित भएको मिति देखि १५ दिन भित्र तपसीलका आवश्यक कागजात सहित सरावल गाउँपालिकाको पशु सेवा शाखा वा आ.आफ्नो वडा कार्यालयमा निवेदन दिनुहुन सम्वन्धित सवैमा यो सुचना प्रकाशित गरिएको छ ।

**तपसील**

| क.सं. | कार्यक्रम नाम | उपलव्धहुने अनुदान | कैफियत |
|---|---|---|---|
| १ | गाई/भैसी,बाखाको भकारो तथा खोर सुधार कार्यक्रम | ५० प्रतिशत अनुदान | |
| २ | दुध उत्पादक कृषकलाई दुध बोक्ने क्यान (१० लीटरको) वितरण कार्यक्रम | ७५ प्रतिशत अनुदान | |

**आवश्यक कागजातहरु**

**गाई/भैसी,बाखाको भकारो तथा खोर सुधार कार्यक्रमको हकमा :**

१ नेपाली नागरिकताको प्रतिलिपि ।
२ अनुसुची १ बमोजिमको निवेदन ।
३ फार्म दर्ताको प्रमाणपत्र (नविकरण गरेको हुनुपर्ने )वा पान नं.प्रमाणपत्रको (कर चुक्ता रसिद) प्रतिलिपि ।
४ सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।
५ अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम,शौक्षिक योग्यता,अनुभव,जग्गाधनिको प्रमाणपत्र प्रतिलिपि,आ.ब.२०७७।७८ सालको एकिकृत सम्पति कर तिरेको रसिद,जग्गा भाडामा लिएको भए सम्झौता पत्र वा मन्जुरीनामा) आदिको प्रतिलिपिहरु ।
६ वैदेशिक रोजगारबाट फिर्ता भई आएको भए पासफोटको प्रमाणपत्र प्रतिलिपी, वसाईसराई भई आएको भए सोको प्रमाणपत्र प्रतिलिपी ।

**दुध उत्पादक कृषकलाई दुध वोक्ने क्यान वितरण कार्यक्रमको हकमा:**

१ नेपाली नागरिकताको प्रतिलिपि ।
२ अनुसुची १ बमोजिमको निवेदन
३ सम्वन्धी वडा कार्यालयबाट कम्तिमा ३ वटा दुहुना गाई वा भैसी रहेको प्रमाणित सिफारिस पत्र ।
४ म्याद समाप्त भएको मिति पछि दर्ता भएका फार्महरुको निवदेन उपर कुनै कारवाही हुने छैन ।
५ अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम,शौक्षिक योग्यता,अनुभव,जग्गाधनिको प्रमाणपत्र प्रतिलिपि,आ.ब.२०७७।७८ सालको एकिकृत सम्पति कर तिरेको रसिद, वैदेशिक रोजगारबाट फिर्ता भई आएको भए पासफोटको प्रमाणपत्र प्रतिलिपी, वसाईसराई भई आएको भए सोको प्रमाणपत्र प्रतिलिपी ) आदिको प्रतिलिपिहरु ।

**थप जानकारीको लागि पशु सेवा शाखा वा फोन नं. ९८५७०५६८००,९८४५४६७३९३,९८४९१३८१४४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।**

२०७७/९/१६

बुद्ध प्रकाश पौडेल
(प्रमुख प्रशासकीय अधिकृत)
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत

# अनुसुची १

श्रीमान प्रमुख प्रसासकिय अधिकृत ज्यु
सरावल गाउपालिकाको कार्यालय
सरावल, नवलपरासी

मिति २०७७ ।

विषय : अनुदान कार्यकममा सहभागि हुन पाँउ ।

प्रस्तुत विषयमा यस सरावल गाउँपालिकाको मिति २०७७/०९/१६ मा प्रकाशित सुचना अनुसार **गाई/भैसी,बाखाको भकारो तथा खोर सुधार (५० प्रतिशत अनुदान) तथा कृषकहरुका लागि दुध बोक्ने क्यान (७५ प्रतिशत अनुदान) कार्यकम संचालन सम्वन्धि सुचना** मा मलाई.............................को भकारो /खोर सुधार/दुध बोक्ने क्यान को अनुदान शिर्षकमा सुचनामा माग भए बमोजिमको सम्पुर्ण कागजात पुरा गरेको हुँदा उक्त कार्यकममा सहभागि गराइदिनुहुन यो निवेदन साथ अनुरोध गर्दछु ।

निवेदक
हस्ताक्षर
नाम :
ठेगाना : सरावल गा.पा...................

फार्मको नाम :

सरावल गा.पा दर्ता नं. :

पान नं.

सम्पर्क नं.